## मिति २०७५।०९।०६ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १ :- साविक जिल्ला विकास समिति तथा गा.वि.स. हरुले यस गाउँपालिका भित्र साविक गा.वि.स. हरुमा काम गर्ने गरी स्थायी नियुक्ती दिईएका निम्न कर्मचारीलाई निम्नानुसार पदस्थापन गरी नियुक्ती दिने निर्णय गरियो ।

१. मनिराम हरिजन पडसरी २ नं. वडा

२. हर्ष बहादुर के.सी. पडसरी २ नं.वडा

३. राधेश्याम यादव हाटीफर्साटिकर ३ नं. वडा

४. रामदास थारु बसन्तपुर ४ नं. वडा

५. राजअली अन्सारी पट्खौली ५ नं. वडा

६. शिवनाथ केवट छोट्कीरामनगर ६ नं. वडा

निर्णय नं. २ :- भुजेल समाजलाई आर्थिक सहयोग स्वरुप रु. २००००।- (बिस हजार) दिने निर्णय गरियो ।

निर्णय नं. ३ :- ओमसतिया गाउँपालिकाको आ.व. ०७५।०७६ को बजेट शिर्षको ब.शि.नं. ११ को सौर्य बत्ती जडान शिर्षकबाट सूचना तथा प्रविधी व्यवस्थापनमा रु. १००००००।- (दश लाख) रुपान्तरण गरी सूचना तथा प्रविधी शाखालाई काम अघि बढाउन सक्ने निर्णय गरियो ।

निर्णय नं.४ :- ओमसतिया गाउँपालिका पशुपंक्षी तथा माछापालन सम्बन्धी कार्यविधी -२०७५ तयार पार्ने र हरेक वडाबाट प्राप्त भएको प्रस्तावना स्वीकृत गरी कार्य अघि बढाउन सकिने निर्णय गरियो ।

निर्णय नं. ५ :- पशु तथा कृषि एवं माछापालन समुहको समुह दर्ता गर्दा हाल सम्म लिईएको रु. २०००।- (दुई हजार) अब उप्रान्त छुट दिने र निशुल्क दर्ता गर्ने निर्णय गरियो । साथै कृषिमा आधारित फर्महरु दर्ता गर्दा न्यूनतम रु. २००।- लिई प्रमाणपत्र दिने निर्णय गरियो ।

निर्णय नं.६ :- ओमसतिया गाउँपालिका वडा नं. २ का सदस्य तथा कार्यपालिका सदस्य श्री शिला पासीको बुवा स्व. रन्जित पासवानको २०७५।०८।०५ गतेका दिन असमायिक निधन भएकोले मृत आत्माले शान्ती पाओस र शोकसन्तब्य परिवारमा धैर्यधारण गर्ने शक्ति प्रदान होस भनी यो कार्यपालिका बैठकले समवेदना प्रकट गर्दछ ।